दुप्चेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्या ९ फाल्गुन २५, २०७९ साल

## भाग-२

**दुप्चेश्वर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**समुन्द्रटार, नुवाकोट**

बागमती प्रदेश, नेपाल

# दुप्चेश्वर गाउँपालिकाको शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९

<u>प्रस्तावना</u>

दुप्चेश्वर गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७८ ले दिएको अधिकार प्रयोग गरी शैक्षिक जनशक्ति व्यवस्थापनका लागि दुप्चेश्वर गाउँपालिकाको गाउँ कार्यपालिकाले मिति २०७९।११।२५ गते यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम दुप्चेश्वर गाउँपालिकाको **शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९** रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :**

(१) **"शाखा"** भन्नाले दुप्चेश्वर गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(२) **"कार्यविधि"** भन्नाले दुप्चेश्वर गाउँपालिकाको शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि-२०७९ सम्झनुपर्नेछ ।

(३) **"विद्यालय"** भन्नाले प्रचलित कानुन अनुसार स्थापना भएका सामुदायिक विद्यालय सम्झनुपर्नेछ ।

(४) **"शिक्षक"** भन्नाले बालविकासदेखि कक्षा १२ सम्म अध्यापन गर्ने सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई सम्झनुपर्नेछ ।

(५) **"बाल विकास केन्द्र"** भन्नाले दुप्चेश्वर गाउँपालिका भित्र समुदाय वा विद्यालयमा ३ वर्षदेखि ५ वर्ष उमेर समूहका बालबालिकाहरुको सिकाइका लागि खोलिएका केन्द्रहरु सम्झनुपर्छ ।

(६) **“ अनुदान प्राप्त शिक्षक”** भन्नाले दुप्चेश्वर गाउँपालिकाद्धारा संघ तथा प्रदेशबाट अनुदान प्राप्त गर्ने गरी नियुक्त शिक्षकलाई सम्झनुपर्दछ ।

(७) **“ शिक्षा ऐन”** शिक्षा ऐन, २०२८ सम्झनुपर्छ ।

(८) **“ छनौट समिति”** भन्नाले शिक्षा ऐन, २०२८ अनुसार विद्यालय शिक्षक कर्मचारी छनौट गर्न गठित समितिलाई सम्झनुपर्छ ।

**३. कार्यविधिको दायरा :**

(१) शिक्षा ऐन, २०२८

(२) शिक्षक सेवा आयोग नियमावली, २०७५(संसोधनसहित)

**(३) उपबुँदा(१) बमोजिम दायरा भित्र देहायका क्षेत्रमा यो कार्यविधि क्रियाशिल रहनेछ ।**

(क) प्रारम्भिक बालविकास केन्द्र र शिक्षक व्यवस्थापन,

(ख) कक्षा (१-१२) सम्मको शिक्षक दरबन्दी र राहत शिक्षक मिलान एवं समायोजन,

(ग) विद्यालयको प्रशासनिक नेतृत्व व्यवस्थापन,

(घ) विद्यालय गाभ्ने, कक्षा र तह व्यवस्थापन,

(ङ) शिक्षक नियुक्ति तथा व्यवस्थापन,

(४) यस कार्यविधिको उपबुँदा (३)अन्तर्गत क,ख,ग,घ र ङ क्षेत्रहरुसंग सम्बन्धित विषयमा भएका कानुनी व्यवस्थाहरुको स्वामित्व गाउँकार्यपालिकामा हुनेछ ।

**४. बाल विकास :**

(१) बालविकास शिक्षकको योग्यता सम्बन्धमा यो कार्यविधि प्रारम्भ भएको मितिबाट नियुक्तिका कममा छनोट हुनका लागि कम्तिमा माध्यमिक शिक्षा १० कक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडि नै नियुक्ति लिएका बालविकास शिक्षकको हकमा भने यो नियम लागु हुने छैन ।

(२) बालविकास केन्द्रमा कार्यरत जनशक्तिलाई विद्यार्थी संख्याका आधारमा एक केन्द्रबाट अर्कोमा स्थानान्तरण गर्दा आवश्यकताका आधारमा गरिनेछ ।

**५. शिक्षक दरबन्दी मिलान एवं समायोजन र सरुवा सम्बन्धमा :**

(१) विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न गाउँ पालिकाभित्रका राहत शिक्षक सरुवा गर्दा सम्बन्धित विद्यालयको सहमतिका आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम शिक्षा शाखाले गर्न सक्नेछ ।

(२) गाउँपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षक मिलान तथा काजमा खटाउँदा अत्यन्त न्यून विद्यार्थी संख्या रहेका तथा विद्यालयका शिक्षकहरुलाई आवश्यकता र प्राथमिकताका आधारमा गाउँ कार्यपालिकाले काज खटाउने निर्णय गर्न सक्नेछ ।

**६. शिक्षक नियुक्ति :**

(१) विभिन्न विद्यालयमा रिक्त रहेका शिक्षक पदहरुमा करार नियुक्तिको कार्य छनोट समितिले गर्नेछ ।

(२) उपबुँदा (१) बमोजिम गठित छनोट समितिले आवश्यक प्रक्रिया पुऱ्याई शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम भित्र रही शिक्षक छनौट गर्नेछ । जिल्ला विकास तथा

समन्वय इकाइले सूचिकृत गरेका विषयगत विज्ञहरुमध्येबाट प्रत्येक विषयमा कम्तिमा एक जना पर्ने गरी छनौट समितिले छनोट गर्नु पर्नेछ ।

(३) अनुदान प्राप्त शिक्षकको हकमा विद्यालयहरुबाट विषयगत र तहगत शिक्षकको माग भै आए पश्चात विषयगत संख्या एकिन गरी विज्ञापन गरिनेछ ।

(४) विज्ञान, गणित र अंग्रेजी विषयमा अध्यापन अनुमति पत्रका उम्मेदवारहरुको आवेदन प्राप्त नभएमा सात दिने सूचना प्रकाशित गरी अनुमति पत्र नभएकाहरुलाई पनि आवेदनको अवसर प्रदान गरिनेछ ।

(५) विषय विज्ञहरु निर्धारण गर्दा शिक्षा विकास तथा समन्वय इकाइले सुचिकृत गरेका विज्ञहरुलाई नै मान्यता दिइनेछ ।

(६) यसरी नियुक्त शिक्षकले विद्यालयमा हाजिर भएको मितिदेखि तोकिए बमोजिमको पारिश्रमिक प्राप्त गर्नेछन्,

(७) सिफारिस गरेको मितिले ६ महिना भित्र करार शिक्षक पद कुनै कारणवश रिक्त हुन आएमा वैकल्पिक उम्मेदवारले अवसर प्राप्त गर्नेछन् ।

**७. विद्यालयको प्रशासनिक (प्रधानाध्यापक) नेतृत्व :**

(१) प्रत्येक विद्यालयको प्रधानाध्यापकको रुपमा कार्य सम्पादन गर्न एक जना सम्बन्धित तहमा योग्यता पुगेको स्थायी शिक्षक हुनेछन् ।

(२) विद्यालयका लागि नेतृत्व गर्ने व्यक्ति चयन गर्दा वरिष्ठता, प्राज्ञिक तवरले योग्य, प्रविधिमैत्री, नेतृत्व कौशल र

समावेशीसहितका आधारमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरे बमाजिम हुनेछ ।

(३) विद्यालयमा स्थायी शिक्षक नभएको खण्डमा गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट मिलान (स्थायी, अस्थायी, राहत, अनुदान प्राप्त शिक्षकका बीचमा) गरी विद्यालय व्यवस्थापन समितिद्धारा व्यवस्थापन गराइनेछ ।

**८. विद्यालय गाभ्ने, कक्षा र तह व्यवस्थापन :**

(१) विद्यार्थीहरुले गुणस्तरीय शिक्षा पाउनु पर्ने अधिकारलाई मध्यनजर गर्दै देहायका आधारहरुमा विद्यालय गाभ्ने, तह वा कक्षा घटाउने सम्बन्धमा निर्णय लिइनेछ ।

**(क)** भौगोलिक दुरी

**(ख)** विद्यार्थी संख्या,

**(ग)** विद्यालय परिवारको कार्यसम्पादन, आवश्यकता र औचित्य ।

(२) उपनियम १ बमोजिमको कार्यमा सम्बन्धित सरोकारवाला (जनप्रतिनिधि, अभिभावक, शिक्षक, विद्यार्थी) संग आवश्यक अन्तरक्रिया गरिनेछ ।

(३) यसै शैक्षिक वर्षमा गाभ्नु पर्ने र अर्को शैक्षिक वर्षमा गाभ्नु पर्ने विद्यालयलाई प्राथमिकताका आधारमा सिफारिस गर्नुपर्नेछ ।

(४) आवश्यकता अनुसार कक्षा वृद्धि गर्नुपर्ने, तह वृद्धि गर्नुपर्ने, कक्षा घटाउनुपर्ने, विद्यालयहरुको अध्ययन विश्लेषण पश्चात एकिन गरी सिफारिस गरिनेछ ।

**९. विविधः**

(१) छनोट समिति र विशेषज्ञका रुपमा काम सम्पादन गर्ने व्यक्तिले गोपनियता कायम राख्नु पहिलो कानुनी कर्तव्य हुनेछ ।

(२) उपबुँदा(१) का व्यक्तिहरुले गोपनियता भंग हुने कार्य गरेको प्रमाणित भएमा स्पष्टिकरणका आधारमा निजले सम्पादन गरिरहेका जिम्मेवारीहरुबाट तत्काल हटाइनेछ ।

(३) निर्धारित विधि र प्रक्रिया पूरा गरी सिफारिस गरेका शिक्षक र काज सरुवा गरेका जनशक्तिले तोकिएका स्थानमा जानुपर्नेछ ।

(४) छनौट समिति र विषय विज्ञहरुले नियमानुसार सेवा सुविधा सम्बन्धित विद्यालयले निर्धारण गरे बमोजिम प्राप्त गर्नेछन् ।

(५) झुट्टा विवरण तयार गरी अनुदान शिक्षकका रुपमा करार नियुक्ति लिएको प्रमाणित भएमा उक्त नियुक्ति स्वतः बदर हुनेछ र त्यस्तो झुट्टा विवरण उपलब्ध गराउने व्यक्तिमाथि प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(७) विद्यालयमा हाल आन्तरिक स्रोतमा(निजी)कार्यरत शिक्षकहरुको व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति नै जिम्मेवार रहनेछ ।

**१०. प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा भएको व्यवस्था संघीय वा प्रादेशिक कानून सग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर भई प्रचलित कानून बमोजिम हुनेछ ।

११. **बाधा अडकाउ फुकाउने अधिकारः**

यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो बाधा अडकाउ फुकाउने पूर्ण अधिकार दुप्चेश्वर गाउँ कार्यपालिकालाई हुनेछ ।

१२. **संशोधनः**

यस कार्यविधिमा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकालाई हुनेछ।

१३. **बचाउः**

यो कार्यविधि जारी हुनु अघि भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

आज्ञाले,
दिपेश रिजाल
प्रमुख प्रशासकीय अधिकृत